# आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

शिवपुरी गाउँपालिका
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल

मिति २०७७ साल असार १० गतेको गाउँसभाबाट पारित

## आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम

**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

यस गरिमामय समारोहमा उपस्थित सदस्यज्यूहरु समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को समग्र नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

सर्वप्रथम, मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता र स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

विक्रम सम्वत् २०७६ सालको उत्तरार्धतिर महामारीको रुपमा विश्वभर फैलिएको कोभिड १९ बाट संसारभरका सबैजसो राष्ट्रहरु प्रभावित बने, अर्थतन्त्र धरासायी बन्यो र जनजीवन अस्तब्यस्त भयो । यस महामारीबाट जनधनको ठूलो क्षति भएको छ । हाम्रो देश पनि यो महामारीबाट अछुतो रहेन । म यस महामारीबाट ज्यान गुमाउनु हुने सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

कोभिड १९ माहामारीका कारण उत्पन्न आर्थिक शिथिलताले समग्र अर्थतन्त्रलाई नै नकारात्मक असर पुर्‍याएको यथार्थ हामी सामु छ । विकास निर्माणका सन्दर्भमा विगत आर्थिक वर्षहरु देखि नै हुँदै आएका प्रयासहरुलाई निरन्तरता दिनु पर्ने आवश्यकता रहेको छ भने माहामारीजन्य तथा अन्य विपद् एवं संकटका समयमा आवश्यक पर्ने पूर्वाधार निर्माण तर्फ पनि त्यत्तिकै मात्रामा ध्यान दिनु पर्ने आवश्यकता रहेको छ । यी सबै तथ्यहरुलाई सम्बोधन गर्ने तर्फ आवश्यक ध्यान दिइनेछ ।

कोभिड १९ को महामारीकै बीच आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम समेत तर्जुमा गर्नु पर्ने समयको चापका कारण विगत वर्षहरु देखि अवलम्बन गरिदै आएको बस्ती स्तरीय भेला लगायतका सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा भौतिक दुरी कायम गरी बैठक बस्नुपर्ने स्थितिका बाबजुद बैठकहरु सम्पन्न भई हामी गाउँसभामा नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने चरणमा आईपुगेका छौं । यस गाउँपालिकाको दीर्घकालीन सोंच “शिवपुरी समृद्धि र विकासको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार” भन्ने मूल ध्येयका साथ महामारीले सिर्जना गरेका चुनौति समेतलाई सम्बोधन गर्ने गरी आगामी आर्थिक वर्ष २०७७/७८ को गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु । विगत वर्षमा यस गाउँपालिकाले राजनैतिक दल, कृषक प्रतिनिधि, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधि, संघ संस्थाका प्रतिनिधि, शिक्षक प्रतिनिधि, सहकारी प्रतिनिधि, नागरिक अगुवा लगायत विकासमा चासो राख्ने व्यक्तित्वहरुको सक्रिय सहभागितामा बनेको आवधिक योजनाको लक्ष्यलाई समेत ध्यान दिदै गाउँपालिका प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षको कार्यक्रम तर्जुमा गर्दा कोभिड १९ को महामारीले सिर्जना गरेको चुनौति, दिगो विकासमा आधारित योजना तर्जुमा, लागत सहभागितामा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारिता, सुरक्षित आवास, यातायात, खानेपानी तथा सरसफाई, शान्ति, सुरक्षा, सुशासन, जनकेन्द्रित सेवा प्रवाह, संस्थागत क्षमता सुदृढिकरण एवं योजनाबद्ध विकास एवं लक्षित बर्गको उत्थान र विकासमा सहकार्य तथा साझेदारी जस्ता प्राथमिकताका आधारहरु अवलम्बन गरिएको ब्यहोरा निबेदन गर्दछु ।

बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि सरोकारवाला निकायको प्रभावकारी समन्वयमा जोड दिएको छु । साथै आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारी, राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन, ठूला योजनाहरुको सम्भाव्यता अध्ययन एवं डिजाइन, सन्तुलित विकासका लागि सामाजिक परिचालन तथा संघ सस्थाहरुसँगको सहकार्य र साझेदारीमा जोड दिने रणनीति अवलम्बन गरिने ब्यहोरा निबेदन गर्दछु ।

**सभाका सदस्यज्यूहरु ,**

अव म आगामी आ.ब.२०७७/७८ का मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**दीर्घकालीन सोच :**

"शिवपुरी विकास र समृद्धिको आधार : शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"

**प्राथमिकताका क्षेत्रहरु**

यस गाउँपालिकाबाट निम्न बमोजिमको प्राथमिकताका आधारमा बिषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएको छ ।

१. कोभिड १९ महामारीका कारण सिर्जित चूनौतिहरुको सम्बोधन,
२. विदेशबाट फर्किएका सीपयुक्त र अन्य जनशक्तिलाई समेत लक्षीत गरी ब्यबसायीक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन,
३. समृद्ध शिवपुरीका लागि शिक्षा, कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य र व्यापारको प्रवर्द्धन तथा विकास,
४. दिगो विकासका लागि योजना तर्जुमा, लागत सहभागितामा कार्यान्वयन, एवं अनुगमन तथा मूल्याङ्कनमा सुनिश्चितता,
५. ग्रामीण आधारभूत सेवाहरु जस्तै सडक यातायात सञ्जाल विकास, विस्तार एवं स्तरोन्नती, ढल निकास, खानेपानी तथा सरसफाई एवं वातावरण सन्तुलन र विकास,
६. शान्ति, सुरक्षा, सुशासन, जनकेन्द्रीत सेवा प्रवाह, संस्थागत क्षमता सुदृढिकरणका एवं योजनाबद्ध ग्रामीण विकास,
७. महिला, बालबालिका, अशक्त/अपाङ्गता भएका, दलित, आदिबासी/जनजाति, पिछडिएका वर्ग र अति गरिब तथा सिमान्तकृत समुदायको विकास,
८. विकासमा गैर-सरकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी,

**नीति**

**१) पूर्वाधार तथा भौतिक संरचना बिकास नीति तथा कार्यक्रम :**

१. पूर्वाधार निर्माण तर्फ हामीले यो वर्ष आशातीत सफलता हासिल गरेका छौं । विगत वर्षहरुबाट शुरु भएको यस गाउँपालिकाको भवन निर्माण कार्य यसै आ. व. मा सम्पन्न भई नव निर्मित भवनबाट सेवा प्रवाह गर्न थालिएको छ । स्थानीय सरकारको रुपमा जनप्रतिनिधिहरु निर्वाचित भई आए पश्चात संस्थागत पुर्वाधार विकासमा भएको यो एक महत्वपुर्ण उपलब्धी हो । यस कार्यमा प्रत्यक्ष परोक्ष रुपमा योगदान गनुहुने सबैलाई म यस अवसरमा धन्यवाद दिन चाहन्छु ।

२. वडा कार्यालयहरुको संस्थागत पुर्वाधार तयार पार्दै जाने सिलसिलामा चालु आ. व. मा वडा नं ६ को भवन निर्माण सम्पन्न हुने चरणमा रहेको र वडा नं. ७ को भवनको निर्माण कार्य शुरु भएको छ। निमार्णहुन बाँकी वडा कार्यालयहरुको निर्माण प्रकृया यसै आ.ब.मा शुरु गरिने छ।

३. शिवपुरी गाउँपालिकाको सबै वडा समेट्ने गरी शिवपुरी कृषि रिङ्गरोडको चालु आ. व. मा संचालित कार्य सम्पन्न हुने चरणमा छ। उक्त रोडको ट्रयाक ओपन गर्ने कार्यलाई यसै आ. व. मा सम्पन्न गरी स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ। सडक तर्फ नयाँ ट्रयाक निमार्णलाई निरुत्साहित गरिनेछ।

४. सवै वडाहरुलाई समेट्ने गरी दीर्घकालीन एवं सामरिक महत्वका गाउँपालिकाका गौरबका योजना कार्यान्वयनलाई निरन्तरता दिईनेछ। पूर्वाधार वा सामाजिक बिकाससँग सम्बन्धित आयोजनाहरु वस्ती र वडास्तरमा सहभागितामूलक पद्धतिबाट छनौट, तर्जुमा एवं प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ। आयोजना छनौटको क्रममा रु ५ लाख भन्दा बढी लागत लाग्ने आयोजनालाई प्राथमिकता दिईनेछ।

५. एक घर एक धारा सहित स्वच्छ खानेपानी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नको लागि जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताहरुलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ। लागत सहभागिता कम्तिमा ५ प्रतिशत कायम गरिने छ।

७. दिगो पूर्वाधार, प्रविधिको प्रयोग एवं आर्थिक विकासका लागि समपुरक कोषबाट सञ्चालन गरिने आयोजनामा विभिन्न क्षेत्रानुसार उपभोक्ता समूहको ५० प्रतिशत सम्मको लागत अंश अग्रिम रुपमा कोषमा दाखिला गरेपछी कार्यान्वयन अनुमति दिईने नीति लिईनेछ। समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

८. भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ। यसको प्रभावकारिताको लागि अनुगमन तथा सुपरिवेक्षण निर्देशिका तर्जुमा गरी लागु गरिनेछ।

९. पूर्वाधार निर्माणमा प्रभावकारिता एवं एकरुपता कायम गर्न गाउँपालिका भित्र निर्माण सामाग्रीको दररेट एवं एकै प्रकृतिका निर्माण उपकरण, जेसिवि, स्काईभेटर, डोजरहरुको भाडादरमा न्यूनतम दरमा एकरुपता कायम गरिनेछ।

१०. यस गाउँक्षेत्रमा सडक निर्माण कार्यलाई व्यवस्थित गर्न तयार गरिएको गाउँ यातायात गरुयोजनाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

११. शिवपुरी गाउँपालिका भित्र भवन निर्माण आचारसंहिता प्रभावकारी रुपमा लागू गरिनेछ।

१२. समुदायको नयाँ स्थानमा एकै ठाउँमा १० घर भन्दा बढी घर निर्माण भएमा शौचालय, पानी, सडक विस्तारमा आवश्यक सहयोग गरिने नीति लिईनेछ। गाउँपालिका भित्र नवनिर्मित भवन पूर्वाधार निर्माणलाई भुकम्प प्रतिरोधी बनाउन आवश्यक पहल गरिनेछ।

१३. गाउँको समग्र विकास निर्माणमा सार्वजनिक नीजि साझेदारी (Public Private partnership, PPP) को अवधारणा अवलम्बन गरिनेछ।

१४. गाउँपालिकाको प्रशासनिक भवनमा टेलिफोन सेवा प्रभावकारी बनाउन पहल गरिनेछ। इन्टरनेट सेवा पुग्न बाँकी वडाहरुमा उक्त सेवा पुर्‍याइनेछ।

१५. गाउँपालिका क्षेत्रमा आवश्यक झोलुङ्गे पुल निर्माण योजनालाई अगाडि बढाउन प्रयास गरिनेछ र यसको लागि समपुरक कोषको व्यवस्था गरिनेछ।

१६.गाउँपालिका भित्र शहरोन्मुख तथा सार्वजनिक स्थानहरुमा प्रतीक्षालय तथा सार्वजनिक शौचालय निर्माणको कार्यलाई निरन्तरता दिईने छ ।

१७.गाउँपालिका स्तरमा स्थानीय यातायात संचालन गर्न नीजि क्षेत्रका यातायात ब्यवसायीसँग समन्वय गरिनेछ ।

१८.तामाङ तथा गुरुङ समुदायको मरनघाटको लागि ८ वटै वडामा चिता तथा पाटी निर्माण गर्ने नीति लिईनेछ ।

१९. अत्यावश्यक ठाउँहरुमा झोलुङ्गे पुल निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

२०. कोभिड १९ को प्रभावलाई मध्यनजर गर्दै अन्य ठाउँ तथा मुलुकबाट फर्कने मानिसहरुको लागि आवश्यक पर्ने क्वारेन्टिनको लागि आवश्यकता अनुसार घर भाडामा समेत लिई उपयोग गरिनेछ ।

## २) आर्थिक प्रशासन तथा राजस्व परिचालन नीतिः

१. राजस्व वाँडफाँड सम्बन्धी कामलाई प्रचलित ऐन तथा प्रचलित नीति, मार्गदर्शन र कार्यविधि बमोजिम व्यवस्थित बनाई राजस्व अभिवृद्धि गरिनेछ । करका दायरालाई फराकिलो पारी न्यून दरमा कर, शुल्क, दस्तुर कायम गरी सरल सहज तरिकाबाट भुक्तानी गर्न मिल्ने पद्धति अवलम्वन गरिनेछ ।

२. यस गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने गाँउबासीहरुको क्षमता, अन्य गाँउपालिकाहरुको तुलनात्मक अध्ययन, प्रचलित ऐन नियमको प्रावधान बमोजिम करका दर निर्धारण गरिने छ ।

३. कर उठाउन करदाताहरुको तथ्याङ्क संकलन गरिनेछ । गाँउपालिकाको राजस्व वृद्धिका लागि उद्योग, कलकारखाना, खोल्न सहजीकरण गरिनेछ । सवै प्रकारका उद्योग, व्यवसायलाई करको दायरामा समेटिनेछ ।

४. गाँउपालिका भित्रका सबै पेशा, व्यवसायको गाउँपालिकामा दर्ता गरिनेछ । गाँउपालिकालाई बुझाउनु पर्ने विभिन्न शुल्क दस्तुर समयमै बुझाउनेलाई केही अंश छुट सुविधा दिने नीति लिईनेछ ।

५. राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गरिनेछ ।

६. राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७. आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।

८. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि सम्बन्धमा जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।

९. गत वर्ष गरिएको राजस्व सुधार कार्य योजना सम्बन्धी अध्ययनले सुझाएका क्षेत्रहरुमा सुधारका कार्यक्रम संचालन गरिनेछ ।

१०. वडा कार्यालयहरुको लागि आवश्यक पर्ने सञ्चालन खर्च वडा कार्यालयमा नै पठाइनेछ ।

## ३) सामाजिक विकास नीति :

### क) शिक्षा, खेलकुद, साहित्य, सञ्चार, कला र संस्कृति नीति :

१. शिवपुरी शिक्षा सुधार सुझाव आयोगको सिफारिशलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

२. कोभिड १९ बाट कम भन्दा कम असर पर्ने सुनिश्चतता गरी बालबालिकाहरुको पठन पाठन तथा शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।

३. विद्यालयहरुको विद्यार्थी संख्या अनुसार दरवन्दी मिलाउने तथा गाउँपालिकामा उच्च शिक्षा कलेज स्थापना गर्ने तथा  गाउँपालिकामा रहेका पुस्तकालयहरुको प्रभावकारी सञ्चालन गर्न सहयोग गर्ने

नीति लिईनेछ । हरेक माध्यामिक तथा आधारभुत तहका विद्यालयमा कम्प्युटर शिक्षा क्रमशः लागु गर्दै लगिनेछ ।

४. बालविकासका शिक्षकहरु तथा विद्यालय कर्मचारीहरुका लागि प्रोत्साहित गर्ने नीति लिईनेछ ।

५. गाउँ क्षेत्रको खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं सुधारका लागि सम्बन्धित निकायसँगको सहकार्यलाई प्रभावकारी ढंगले अगाडि बढाईने छ ।

६. शिवपुरी गाउँपालिकामा विर्ताको चौर सुनखानीमा गाउँपालिका र बागमतीं प्रदेश सरकारबाट निर्माणधीन रंङ्गशालालाई क्षेत्रिय स्तरको रंगशालाको रुपमा निर्माण कार्य अगाडि बढाउने कार्यलाई निरन्तरता दिन पहल गरिनेछ । गाउँपालिका भित्र अन्य स्थानमा पनि रंगशाला, कभर्ड हल निर्माण गर्न सकिने संभावित स्थानको पहिचान एवं विकास गरिनेछ । यसै वर्ष अन्तर गाउँपालिकास्तरीय फुटबल प्रतियोगिता सञ्चालन गरिनेछ र खेल पर्यटनको विकासमा टेवा पुर्याइनेछ ।

७..राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ । यस गाउँपालिकाद्धारा सञ्चालीत गतिविधि, सूचना लगायतको प्रशारण तथा शिवपुरीवासीलाई सूचना, सन्देश तथा जानकारी प्रदान गर्न उत्कृष्ट कार्य गर्ने सञ्चारकर्मीलाई पुरस्कृत गरिने छ ।

८. काठमाण्डौ वा यस गाउँपालिका भन्दा बाहिर आफ्ना बालबालिका पढाइरहेका अविभावकले आगामी दिनमा यस गाउँपालिकामा नै आफ्ना बालबालिका भर्ना गराई अध्यापन गराउन चाहेमा त्यस्ता बालबालिकाको लागि विशेष सहुलियतको ब्यबस्था गरिनेछ ।

**ख) समुदाय विकास, लैङ्गक समानता तथा सामाजिक समावेशीकरण नीति :**

१) गाउँपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक, क्षमता अभिवृद्धि कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ । बेरोजगार युवाहरुलाई लक्षित गरी उमेर समुहमा आधारित प्रशिक्षण, सिपमूलक तालिम व्यवसायिकतामा जोड दिने नीति लिईनेछ ।

२) गाउँपालिका क्षेत्रभित्र विभिन्न संघसंस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई गाउँपालिकाको दायराभित्र ल्याईनेछ ।

३) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघसंस्थासँग समन्वय गर्दै उक्त वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । विकास साझेदार संध संस्थाहरुसँगको सहकार्यमा आवश्यकता अनुसार घुम्ती शिविरहरु संचालन गरी अपाङ्गता परिचय पत्र वितरणलाई निरन्तरता दिईनेछ ।

४) विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाईनेछ । वेरोजगार युवाहरुलाई कृषि, पशुपालनमा आधारित व्यवसायिक विकासको लागि विशेष अनुदानको नीति लिईनेछ ।

५) गाउँपालिका क्षेत्रभित्र अनाथ वालबालिका, अपाङ्ग, सुस्त मनस्थिति, मानसिक सन्तुलन गुमाएका तथा बुद्धबृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघसस्थालाई सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६) वालबालिका, अपाङ्ग, सुस्त मनस्थिति, मानसिक सन्तुलन गुमाएका तथा बृद्धबृद्धाको अत्यावश्यक सहयोगको लागि एक हित कोष स्थापना गरिनेछ ।

७. लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन सम्बन्धी गाउँपालिका स्तरीय अभिमुखीकरण गरिनेछ। योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता बढाइनेछ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत प्राप्त सुझावहरु कार्यान्वयन गर्दै लगिनेछ। महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा लगायत अन्य क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

९. विभिन्न अन्तराष्ट्रिय महासन्धीको कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजनामा उल्लेखित स्थानीय सरकारको जिम्मेवारी सम्बन्धमा गाउँपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

१०.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम मुलप्रवाहीहरणको लागि गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति तोकिनेछ।

११. महिला, जनजाति, अपाङ्गता भएका ब्यक्तिहरुको संजाल निर्माण गर्न प्रोत्साहित गरिनेछ र यस्ता संजालहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक सहयोग गरिनेछ। त्रिवेणीधाममा ज्येष्ठ नागरिक दिवा मिलन केन्द्र भवन निर्माण कार्य शुरु गरिनेछ।

१२. ६० वर्ष उमेर पुगेका एकल पुरुषलाई मासिक १ हजारका दरले एकल पुरुष भत्ता उपलब्ध गराइनेछ ।

१३. कोभिड १९ को प्रभावलाई मध्य नजर गरी वडा कार्यालयहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न अस्थायी प्रबन्ध मिलाइनेछ।

१४. पुर्णिमा कार्यक्रमको सहयोगमा सम्बोधन परियोजना मार्फत संचालनरत कोही नछुटुन (Leave No One Behind) कार्यक्रमसँगको साझेदारीलाई निरन्तरता दिइनेछ। ब्यक्तिगत घर पुननिर्माण सम्पन्न गर्न नसकेका अति विपन्न, अपाङ्गता भएका, सीमान्तिकृत वर्गको घर पुननिर्माण सम्पन्न गर्न विभिन्न सरोकारवाला संघ संस्थाको सहयोगमा संचालन गरिने कार्यमा आवश्यक सहयोग पुर्‍याइनेछ।

**ग) खानेपानी, स्वास्थ्य तथा सरसफाई**

१. खानेपानी तथा सरसफाई क्षेत्रको दीगोपनाका लागि मर्मत संम्भारकोष व्यवस्था सहित उपभोक्ता समितिको भूमिकालाई कृयाशिल गराई अपनत्व अभिवृद्धि गरिनेछ।

२. एक घर एक शौचालय र पिउनेपानीको व्यवस्थालाई कार्यान्वयनमा ल्याइ पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने कार्यतर्फ अग्रसर भईने छ।

३. पुर्णिमा कार्यक्रमको सहयोगमा गाउँपालिका भित्रका क्वारेन्टाइनहरुमा खानेपानी तथा स्वच्छता (WASH) सम्बन्धी सुविधाहरु प्रवर्द्धन गर्न पहल गरिने छ।

४. आधारभुत स्वास्थ्यबारे समुदाय स्तरमा जनचेतनाको प्रवर्द्धन अति महत्वपुर्ण हुने तथ्यलाई आत्मसात गर्दै स्वास्थ्य तथा स्वच्छता सम्बन्धी पचार प्रसार सामग्री तथा संचारका साधनबाट जनहितमा जारी गरिने सन्देशलाई निरन्तरता दिइनेछ।

५. स्वास्थ्य संस्थाहरुको सेवा नियमित, पारदर्शी एवं ब्यवस्थित बनाई हरेक नागरिकमा सेवाको पहुँच कायम गरिनेछ। गाउँपालिका भित्र एम्बुलेन्स सेवा सञ्चालन गर्ने क्लव, समुदाय, संस्थालाई आवश्यक प्रोत्साहन गरिनेछ।

६. गाउँपालिकाको केन्द्रमा Lab, Video X-ray सुविधा सहित MBBS Doctor सहितको विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन शुरुवात गरिने छ।

७. नयाँ बर्थिङ्ग सेन्टरको स्थापना तथा भईरहेकोमा स्तरोन्ती गरिनेछ र कुनैपनि गर्भवती महिला सुरक्षित स्वास्थ्य संस्थामा मात्र सुत्केरी हुने अवस्थाको सिर्जना गरिनेछ।

८. स्वास्थ्य संस्थाको सुदृढीकरण गर्दै लगिनेछ । हरेक वडामा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने कार्यलाई क्रमश लागु गर्दै लगिनेछ ।

९..गत आ. व. मै यस गाउँपालिकालाई पूर्ण खोपयुक्त घोषण गरी सकिएको सन्दर्भमा यसको दीगोपनाको लागि निरन्तर कार्यक्रम संचालन गरिनेछ ।

१०. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

११.बर्तमान संकटको परिस्थितिमा स्वास्थ्यकर्मीहरुले निर्वाह गरेको भुमिका प्रशंसनीय छ । स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न विशेष कार्यक्रम ल्याइनेछ ।

१२. गाउँपालिकाको स्वास्थ्य शाखा अन्तरगत रहने गरी एक एम्बुलेन्स खरीद गरी सञ्चालन गरिनेछ ।

१३. उपाध्यक्ष झण्डा अण्डा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. खोला तथा खोल्सामा फोहोर व्यबस्थापन ढल सिधै जोड्ने कार्यलाई दण्डित गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

१. हरियो बनको संरक्षण सम्बर्द्धनमा जोड दिईनेछ । सरोकारवालाको साझेदारीमा भूसंरक्षणको लागि आवश्यक नीति लिईनेछ । राष्ट्रिय निकुञ्ज संग समन्वय गरी गाउँपालिकाको विकासमा निकुञ्जबाट अधिकतम लाभ लिन उपयुक्त नीति लिईनेछ । गाउँपालिका भित्रको सम्भाब्य क्षेत्रलाई जडिबुटी पकेटको रुपमा विस्तार गरिनेछ ।

२. गाउँपालिका भित्रका सुइरेचौर लगायत विभिन्न सार्वजनिक स्थानमा अतिक्रमण भएका जग्गाहरु खाली गराई सार्वजनिक स्थलको संरक्षण गर्ने नीति लिइनेछ ।

३. यस गाउँपालिकालाई प्लाष्टिक झोला प्रयोगमा निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ । फोहर व्यवस्थापन गर्नको लागि स्थायी ल्याण्डफिल्ड साइट निर्माणको लागि स्थान पहिचान गर्न पहल गरिनेछ ।

४. लिखुखोला, स्याल्पिङ खोला लगायत विभिन्न खोला खोल्साहरुको सरसफाईमा ध्यान दिइनेछ ।

५. कोभिड १९ को वर्तमान संकटबाट उब्जेका समस्याले राज्यका सबै अंगलाई विपद् प्रति सदैव सचेत रहन शिक्षा मिलेको छ । यस गाउँपालिकाले भविष्यमा आइपर्ने कुनै पनि संकटका लागि सम्भव भए सम्म पुर्व तयारी गर्ने नीति लिएको छ । यसको लागि गाउँपालिका स्तरमा एक विपद् व्यवस्थापन इकाई गठन गरी यसको सुदृढीकरण र अत्यावश्यक सामाग्रीहरुको ब्यवस्थापन गरिनेछ । साथै विपद् व्यवस्थापनलाई सहज बनाउन गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ । विपदको आवश्यक पूर्व तयारी तथा विपद्ध पश्चात व्यवस्थापनको प्रभावकारी संयन्त्र गठन गरिनेछ ।

६. नेपाल रेडक्रस सोसाइटीको स्थानीय शाखासँग आवश्यक समन्वय गरी विपद् ब्यबस्थापन कार्ययोजना तथा अन्य आवश्यक कार्यहरु संचालन गरिनेछ ।

७. सम्पुर्ण विषयगत योजना तर्जुमा, कार्यन्वयन गर्दा विपद जोखिम न्युनिकरण तथा जलबायु अनुकुलनलाई एकिकृत गरिनेछ । समुदायमा आधारित विपद जोखिम न्युनिकरण तथा विपद व्यवस्थापन योजना तर्जुमा गरी समुदाय परिचालन गर्ने नीति लिइनेछ । सो को लागि समुदायस्तरमा स्वयम सेवकहरुलाई परिचालन गर्न तालिम तथा विपद कोष स्थापना गरिनेछ ।

८. जुनसुकै विपद् तथा संकटको समयमा प्रभावित परिवारहरुलाई अस्थायी रुपमा राख्न सकिने गरी गाउँपालिका स्तरमा एक सामुदायिक आश्रय स्थल (विपद् व्यवस्थापन भवन) निर्माण गरिनेछ ।

९. विकास साझेदार तथा गैर सरकारी संस्थाहरुसँगको सहकार्यलाई मजबुत बनाउन आवश्यक निर्देशिका तयार पारी विकास निर्माण कार्यलाई एक छाता नीति मार्फत अगाडि बढाईने छ ।

## ५) आर्थिक विकास नीति

क) **कृषि, पशुपालन, व्यापार, उद्योग व्यवसाय, सहकारी**

१. कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायीकरण र आधुनिक औजारीकरण गर्दै जाने कार्यलाई निरन्तरता दिईनेछ। कृषि क्षेत्रलाई आत्मसात गरी व्यबसायिक रुपमा कृषि व्यवसाय अवलम्बन गर्ने व्यवसायिक कृषकहरुलाई व्यवसायिक दिगोपनाको लागि आवश्यक उत्प्रेरणा दिइनेछ।

२. पुर्णिमा कार्यक्रम (सम्बोधन परियोजना) को सहकार्यमा कृषि विज्ञ समेतको परामर्शबाट कृषि क्षेत्रको क्षेत्रगत योजना तर्जमा गरिनेछ। यसबाट स्थान अनुसार सम्भाव्य कृषि बालीलाई आवश्यक पर्ने सहयोग गर्न गाउँपालिकालाई सहयोग पुग्नेछ।

३. आवधिक कृषि हाटबजारको लागि उपयुक्त स्थानमा पुर्वाधार विकास र व्यवस्थापन गर्ने नीति लिइनेछ।

४. कृषिमा यान्त्रीकरण र औजारीकरण्लाई निरन्तरता दिइनेछ। लागत सहभागितामा औजार उपकरण उपलब्ध गराइनेछ। साथै प्राङ्गारिक खेती प्रणालीलाई बढावा दिन आवश्यक कार्यक्रम ल्याइनेछ।

५. कृषि उत्पादन बृद्धिको आधार सिंचाई पुर्वाधार भएकोले आगामी वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ८ वटै वडाहरुमा सिंचाई कुलो निर्माण तथा मर्मत आयोजना, परम्परागत गोरेटो बाटो मर्मत सम्भार जस्ता आयोजनालाई प्राथमिकता दिइनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका आयोजनाहरु यही २०७७ साल असार मसान्त भित्र प्राथमिकताको क्रममा छनौट गर्ने ब्यबस्था मिलाइनेछ।

६. कृषि तथा पशुजन्य उत्पादनमा आधारित साना उद्योगहरु (जस्तै घाँसको बीउ उत्पादन गर्ने नर्सरी) को उत्पादनमा अनुदान दिने नीति लिइनेछ।

७. शिवपुरी गाउँपालिकामा उन्नत घाँस, पशु आहार उत्पादन, कफि, चिया, ट्राउट, अलैंची खेती, किवी ब्यवसायीलाई आवश्यक सुविधा, सहजीकरण एवं प्रविधि प्रयोगमा सहयोग गरिनेछ। गाउपालिका क्षेत्रलाई विषादीरहित अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ।

८. कृषि तथा पशुपालन तर्फ उत्पादनको आधारमा अनुदान दिने नीति लिइनेछ।

९. आवश्यकता अनुसार नयाँ सहकारी दर्तालाई निरन्तरता दिईनेछ। साथै सहकारीको मर्जरलाई बढावा दिईनेछ।

१०. उन्नत पशुपालन, उन्नत जातको प्रवर्द्धन तथा कृत्रिम गर्भाधान सेवालाई प्रभावकारी बनाइनेछ।

११. हरेक वडामा एक/एक जना कृषि र पशुसेवा प्राविधिकको ब्यवस्था गर्ने कार्यलाई क्रमश लागु गरिनेछ।

१२. दुध, फलफुल, तरकारी संकलन तथा बजार ब्यवस्थापनका लागि संकलन केन्द्र तथा हाट बजार एवं कृषि उपज संकलन केन्द्र संचालनमा ल्याईनेछ। गाउँपालिकाका विभिन्न उपयुक्त स्थान पहिचान गरि वार्षिक कृषि तथा पशुमेला संचालन गरिनेछ।

१३. प्रत्येक वडालाई कृषि तथा पशुपन्छी सेवा केन्द्रको रुपमा विकास गरिनेछ। वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१४ हाल संचालनमा रहेको शेरावगर स्थित कृषि उपज संकलन केन्द्रलाई थप प्रभावकारी ढंगबाट संचालन गरिनेछ।

१५ स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने र अहिलेको परिस्थितीका कारण विदेशबाट फर्कने जनशक्ति समेतलाई कृषि क्षेत्रमा आकर्षित गर्ने गाउँपालिकाको नीति रहेकोले कृषि तर्फका कार्यक्रमहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न अधिकृत स्तरको प्राविधिक कर्मचारीको ब्यबस्था गरिनेछ ।

१६ गाउँपालिकाको शेरावगरमा निर्माणधीन कोल्ड स्टोरलाई पुर्णता दिइनेछ ।

१७ कृषकहरुको उत्पादनमा बाँदरले बर्षेनी पुर्याइरहेको क्षती न्युनीकरणको लागि विशेष यन्त्रको प्रयोग मार्फत बाँदर नियन्त्रण गर्न पहल गरिनेछ ।

१८. उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा व्यापार प्रवर्द्धनमा जोड दिइनेछ ।

१९. व्यवसाय कर, विज्ञापन कर लगायतका संभावित कर संकलनका लागि उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संघ, संस्थासँग सहकार्य तथा साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

२०. घुम्ती सेवा संचालन गरी उद्योग व्यवसाय दर्ता र नवीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

२१. बर्तमान माहामारीको कारणले गर्दा रोजगारी गुमाई विभिन्न स्थानबाट आएका सीपयुक्त व्यक्तिहरुको सुची तयार पारी उनीहरुले संचालन गर्न सक्ने ब्यवसाय संचालनको लागि आवश्यक सहयोग पुर्याइने छ । यसका लागि बैंक तथा वित्तीय क्षेत्रसँग आवश्यक समन्वय गरिनेछ ।

२२. उद्योग वाणिज्य संघसँगको सहकार्यमा उद्योग वाणिज्य संघको गाउँपालिका स्तरीय ईकाई गठन गर्न प्रयास गरिनेछ ।

२३. निजि क्षेत्रसंगको सहकार्यमा एक वडा एक उत्पादनको नीति अवलम्बन गरिनेछ ।

२४. उपयुक्त ब्यवसायिक वातावरण निर्माणका लागि निजी क्षेत्रसँग सार्वजनिक नीति सम्वादलाई प्राथमिकता दिइनेछ ।

२५. गाउँपालिका क्षेत्रभित्र बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ । साथै मासुजन्य पसलहरुलाई ब्यबस्थित गरिनेछ ।

२६. कोभिड १९ का कारण थलिएको ब्यवसायको पुनरुत्थानका लागि संघ तथा प्रदेश सरकारले घोषणा गरेको सहुलियतलाई स्थानीय स्तरमा लागु गराउन आवश्यक सहजीकरण गरिनेछ ।

## ख) पर्यटन विकास नीति :

१. गाउँको पर्यटन बिकास र प्रवद्धर्नका लागि क्यानोनिङ (शिवपुरी ८ सानो छहरे) पर्यटकीय क्षेत्र विकास, एग्रो टुरिज्म क्षेत्र र मार्गहरुको अध्ययन गरिने छ । पर्यटकीय स्थल पहिचान, पर्यटकीय मार्ग निर्माण, एवं एग्रो टुरिज्मलाई विकास गरिनेछ । ककनी, सुईरेचौर, अल्छे, चिसापानी, टोड्के भन्ज्याङ, माने भन्ज्याङ हुँदै घले भन्ज्याङ सम्म ट्रेकिङ रुटको विकासको लागि अन्य स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरिनेछ । बुढानिलकण्ठ अल्छे शिवपुरी गाउपालिका हुँदै गोसाईकुन्ड सम्मको पर्यटकीय मार्ग विस्तारमा समेत सरोकारवालासँग सहकार्य गर्दै विकास गर्न प्रयास गरिनेछ ।

२. सरोकारवाला निकायसँग समन्वय र आवश्यक पहल गरी शिवपुरी गाउँपालिकाको पर्यटन गुरु योजना तयार गरिनेछ ।

३. शिवपुरी गाउँपालिका भित्र रहेका वाघद्धार, थानापती मन्दिर, कुम्भेश्वर गुफा, समुन्द्रादेवी, शिवालय त्रिवेणीधाम, थर्पेलिङ गुम्बा र अन्य गुम्बा तथा मठमन्दिर जस्ता धार्मिक स्थल, अल्छे मैदान, थानापती, सुइरेचौर, गुर्जे र अर्खौले जस्ता पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसारका साथै पर्यटकीय पूर्वाधारको विकास गर्दै लगिनेछ ।

४. चिसापानी, सुइरेचौर, माहादेव मन्दिर, नरसिंहघाट, लखेश्वरी मन्दिर, जालपा मन्दिर, माङचे भुमे लगायत पर्यटकीय स्थलहरुको पुर्वाधार विकास गरिनेछ । साथै पर्यटकीय सम्भाब्यता रहेका सुइरेचौर, गुरुङ्गगाउँ, अल्छे लगायतका स्थानमा होम स्टे कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । चिसापानीमा भ्यु टावर सहितको पर्यटकीय पार्क बनाउने कार्यलाई अगाडि बढाइनेछ ।

**६) सार्वजनिक सेवा, सुशासन प्रबर्द्धन एवं संस्थागत विकास, साहित्य, कला र संस्कृति, अध्ययन/अनुसन्धान, सुरक्षा नीति :**

१) गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२) गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध-बृद्धा एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।

३) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

४) गाउँपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गरी गाउँपालिकालाई चुस्त र छरितो संगठनको रुपमा विकास गरिनेछ । साथै सेवा करार मार्फत पदपूर्तिको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५) अस्थायी प्रकृतिका सेवाहरु जस्तै फोहोमैला व्यवस्थापन, विद्युत, खानेपानी आपूर्ती, सुरक्षा, सूचना प्रविधि सेवा ब्यवस्थापन, सरसफाई, बगैचा हेरचाह, सवारी चालक, भान्छे, फोटोकपी जस्ता सेवाहरु संस्थागत करारमा लिइने नीतिलाई निरन्तरता दिइनेछ ।

६) पारदर्शीता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । कम्तिमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ । विकास निर्माणको सार्वजनिक परीक्षण गरिनेछ । नागरिक बडापत्र लागू एवं भ्रष्टचार शुन्यता कायम गर्न प्रयत्न गरिनेछ । साथै विकास निर्माण कार्यमा पारदर्शीता कायम गर्न योजना स्थलमा नै सूचना पाटी राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सेवा प्रवाहलाई सूचना प्रविधी मैत्री बनाईने छ ।

७. यस गाउँपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न अतिरिक्त समय कामकाज गरेबापत भत्ता, खाजा खर्च स्वरुप मासिक रुपमा कार्यविधि बनाई निश्चित सूविधा उपलब्ध गराइनेछ ।

८. यस गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गा.पा.भित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु गाउँपालिका बोर्ड बैठकबाट निर्णय गरी कार्यान्वयन गर्ने र आगामी गाउँ सभाबाट अनुमोदन गरिनेछ ।

९) गाउँपालिकाको विभिन्न सेवा सञ्चालन, ब्यवस्थापन, प्रवर्द्धनका लागि आवश्यक कानूनको अध्ययन, अनुसन्धान, निर्माण गरिनेछ ।

१० उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, उपभोक्ता समिति, तोकिएको समय भन्दा अगावै सबै योजना सम्पन्न गर्ने वडा तथा नागरिक समाज संस्थालाई प्रोत्साहन गरिनेछ ।

११. जनताको समस्या, गुनासो तथा पिरमर्काको प्रत्यक्ष सामाधानका लागि निरन्तर प्रयत्न गरिनेछ । साथै गाउँपालिकाको सेवा प्रवाहमा जनस्तरबाट पृष्ठपोषण लिने व्यवस्था गरी सेवा प्रवाहमा जनस्तरको संलग्नता वृद्धि गरिनेछ ।

१२. बैंकिङ प्रणाली मार्फत वितरण गरिंदै आएको सामाजिक सुरक्षा भत्तालाई थप प्रभावकार बनाईने छ ।

१३. सबै सरोकारवालाको सहभागितामा तर्जुमा गरिएको आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष प्राप्तिका लागि आवश्यक कार्यक्रहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१४. ब्यक्तिगत घटना दर्ता, पञ्जीकरण सेवालाई प्रभावकारी बनाइनेछ । समयमै घटना दर्ता गराउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१५. गाउँपालिकाको न्यायिक सम्पादनमा प्रवाभाकारीता एवं विश्वसनियता बृद्धि गर्न स्थानीय न्यायिक समितिलाई सक्षम र सवल बनाईनेछ ।

१६. पुर्णिमा कार्यक्रमको सहकार्यमा आगामी वर्ष गउँपालिकाको संस्थागत स्व- मूल्याङ्कन गरी कार्ययोजना तर्जुमा गरिनेछ ।

१७. जवाफदेहिता अभिबृद्धिका लागि सार्वजनिक सुनुवाई कार्यविधि तर्जुमा गरी चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

१८. साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन तथा विकासका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

१९. सवै वर्ग र समुदायका परम्परागत रीतिरिवाज, धर्म, संस्कृति, उत्सव, जात्राको संरक्षण सम्मान गर्ने नीति लिईनेछ । सवै जातजातिको धार्मिक कार्यलाई मर्यादित र ब्यवस्थित गराउन संस्कृति जगेर्ना सूधार कार्यक्रम सञ्चालन गरिनेछ । दाहसंस्कार, मरनपाटी स्थल सुधार गरिने नीति लिईनेछ ।

२०. गाउँपालिका भित्र रहेका विकासका सम्भाब्यता लगायत विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने परिपाटीको शुरुवात गरी पृष्ठपोषण लिने कार्यको थालनी गरिनेछ ।

२१. गाउँपालिका भित्रको सुरक्षा ब्यवस्थालाई चुस्त, दुरुस्त बनाउन सुरक्षा निकायको समन्वयमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन अपुग जनशक्ति ब्यबस्थापन गर्ने नीति अनुरुप वडा स्तरमै प्राविधिक जनशक्तिको ब्यवस्था गर्न थप प्राविधिक जनशक्ति करारमा नियुक्ति गरिनेछ । साथै वडा सचिवको पदपुर्ति नभएसम्म वडा सचिवको जिम्मेवारी वहनको लागि अस्थायी प्रबन्ध मिलाउन पहल गरिनेछ ।

२३. यस गाउँपालिका भित्र कार्यक्षेत्र भई काम गरिरहेका तथा गर्ने गैससहरुको कार्यक्रमलाई नतीजामुलक र पारदर्शी बनाउन पहल गरिनेछ । कार्यक्रममा दोहोरोपना हुन नदिन आवश्यक ब्यबस्था गरिनेछ ।

२४. गाउँपालिकाद्धारा संचालित कार्यक्रम, आयोजना तथा बजेट खर्चको चौमासिक रुपमा प्रतिवेदन सार्वजनिक गर्ने ब्यबस्था मिलाइनेछ ।

**रणनीति :**

**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको रणनीतिलाई थप प्रभावकारीता सहित निरन्तरता दिईनेछ ।

१) आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणालाई थप प्रभावकारी बनाउने ।

२) राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुको सहकार्यमा जोड दिने ।

३) ठूला योजनाहरुको सम्भाव्यता अध्ययन एवं डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने ।

४) समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालनमा जोड दिने ।

५) लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरुलाई गाउँपालिकाको एउटै छाताभित्र समन्वय तथा साझेदारी मार्फत लक्षित उपलब्धी हासिल गर्नमा जोड दिने ।

६) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा जोड दिने ।

७) स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने ।

८) योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउने ।

**सभाका सदस्यज्युहरु,**

शिवपुरी गाउँपालिकाको विकास र समृद्धिका लागि आगामी आ.ब.२०७७/०७८ को नीति तथा कार्यक्रम पस्ताव गरेको छु । यो नीति तथा कार्यक्रमको सबै क्षेत्रबाट साथ र सहयोगको साथ सफल कार्यान्वयनबाट बर्तमान अवस्थाको चुनौती सामना गर्न र शिवपुरीको आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास लिएको छु । अन्त्यमा शिवपुरी गाउँपालिकाको विकास र समृद्धिका लागि योगदान पुऱ्याउनुहुने  स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र प्रति आभार प्रकट गर्दछु । साथै नागरिक समाज, बुद्धिजीवि, सञ्चार जगत तथा सम्पूर्ण शिवपुरीवासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

मिति : २०७७/०३/१०